रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०८२ माघ १ गते देखि २०८२ साल चैत्र मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

स्वत: प्रकाशन

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
ईमेल: ito.ribdikot@gmail.com

२०८३ बैशाख

Scanned with CamScanner

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बस्थौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# २०८२ साल माघ १ गते देखि २०८२ साल चैत्र मसान्त सम्म सम्पादित मुख्य क्रियाकलापहरु

प्रकाशक : रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वेवसाइट : www.ribdikotmun.gov.np
ई-मेल ठेगाना : ito.ribdikot@gmail.com
info@ribdikotmun.gov.np
सम्पर्क नं : 9857078307, 9760870079
फेसबुक पेज : www.facebook.com/ribdikotmun
प्रकाशन : २०८३ बैशाख १३



Scanned with CamScanner

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

विषयसूची


१. गाउँपालिकाको परिचय ....................................................................................१
क) निकायको स्वरुप र प्रकृति..............................................................................१
ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार...........................................................२
ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा.........................................................२
घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी ........................३
ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि...................................................................३
च) निर्णय गर्ने प्रकृति र अधिकार...........................................................................३
छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी.......................................................................४
ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी...................................................................४
झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण................................................४
ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण................४
ट) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण...............................................................................४
ठ) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधि...........................................................................४
ड) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय...............................................................................४
ढ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण...........४
ण) रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था..............५
क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ ...............................................५
ख) स्वास्थ्य संस्थाहरु तर्फ.....................................................................................६
ग) विभिन्न कार्यक्रम तर्फ......................................................................................६
२. आ.ब २०८१।०८२ मा शाखागत रुपमा भए/गरेका कार्यको दोस्रो त्रैमासिक प्रतिवेदन
क) सेवा प्रशासन तथा सुशासन तर्फ...........................................................................६
ख) आर्थिक प्रशासन शाखा.....................................................................................७
ग) कृषि र पशु विकास तर्फ ....................................................................................७
घ) स्वास्थ्य सेवा तर्फ ...........................................................................................८
ङ) आर्युवेद तर्फ...................................................................................................८
च) पूर्वाधार तर्फ ..................................................................................................९
छ) शिक्षा युवा तथा खेलकूल तर्फ ............................................................................९
ज) सहकारी तर्फ...................................................................................................१०
झ) सामाजिक सुरक्षा तर्फ .......................................................................................१०
ञ) महिला तथा बालबालिका विकास तर्फ.....................................................................१०


Scanned with CamScanner

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

ट) प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ......१०
ठ) लघु उद्यम तर्फ......११
ड) म बनाउँछु मेरो रिब्दीकोट अभियान ......११
ढ) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन ......११
ण) न्यायिक कार्य सम्पादन तर्फ ......११

Scanned with CamScanner

## १. गाउँपालिकाको परिचय:

रिब्दीकोट गाउँपालिका लुम्बिनी प्रदेश अन्तरगत पाल्पा जिल्लामा अवस्थित छ। नेपाल सरकारले संविधानको भावना र मर्मअनुरसार तोकिएका अधिकार र दायित्वलाई पुरा गर्ने हेतुले viable, sustainable and competent सरकारका रुपमा र केन्द्र सरकारको विकल्प नभै सहअस्तित्व सहसम्बन्धका आधारमा प्रतिस्पर्धाको भावना र जनताको नजिकको सरकारको रुपमा विकास गर्ने मनसायले अधिकार, स्रोत सहित ७४४ स्थानीय तहका रुपमा परिस्करण गर्ने सिलसिलामा साविकका ८ वटा गाउँ विकास समिती ख्याहा, देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, पालुङमैनादी, ठिमुरे र फेक गाविसलाई मिलाएर दिगो एकाईका रुपमा विकास गर्ने गरी रिब्दीकोट गाउँपालिका गठन भएको हामी सबैको ठहर छ। रिब्दीकोट गाउँपालिकाको कुल जनसंख्या १८,७७० रहेको छ। यसको क्षेत्रफल १२४.५५ वर्ग कि.मी. रहेको छ। यसको सिमाना पूर्वमा तानसेन नगरपालिका, पश्चिममा रैनादेवी छहरा गाउँपालिका, उत्तरमा तानसेन नगरपालिका र गुल्मी जिल्ला तथा दक्षिणमा तिनाउ गाउँपालिका रहेका छन्।

औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको ठूलो हिस्सा रहेको छ र स्थानिय बासिन्दाको आम्दानीको मुख्य स्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभीन्न चाडपर्व तथा जात्रा मनाउने गरिन्छ। तिज, दशै, तिहार, माघेसक्रान्ति, कृष्णजन्माष्टमी, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ। साथै यहाँको सराय नाच, फागु नाच, लाखे नाच,झ्याउरे, देउसी भैलो र ठुलो नाच आदिले गर्दा सास्कृतिक रुपमा समृद्ध समाज निर्माणमा उल्लेख्य योगदान पुर्याएको मान्न सकिन्छ।

### क) निकायको स्वरुप र प्रकृति:

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, संघर्ष, वीर सहिदहरुको बलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान संभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रिब्दीकोट गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय सरकार हो। यसले कार्यपालिकीय, विधायिकी र न्यायिक कार्य गर्दछ। जसमा कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँसभा मार्फत विधायिकीय र न्यायिक समिति मार्फत न्यायिक कार्य सम्पादन गर्दछ।

### ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार:

नेपालको संविधान धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधिनमा रही रिब्दीकोट गाउँपालिका, पाल्पाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने।



प्रशासकीय अधिकृत

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ एम संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई, गाउँ सभा, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत गर्ने।
- समग्रमा संविधान र ऐन, नियमको अधिनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक कार्यहरु सम्पादन गर्ने।

**ग) रिब्दीकोट गाउँपालिकाबाट प्रदान हुने सेवा :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवादको न्यायिक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना , आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, कृषि सडक र सिचाई, गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरुको व्यवस्थापन तथा संचालन गर्ने।

**घ) रिब्दीकोट गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवारी अधिकारी :**

| | | |
|---|---|---|
| प्रशासन शाखा | : | प्रशासकीय अधिकृत रुकलाल भट्टराई |
| शिक्षा शाखा | : | सहायक शिक्षा अधिकृत राजाराम भाट |
| आर्थिक प्रशासन शाखा | : | बरिष्ठ लेखा सहायक सुर्य बहादुर थापा |
| योजना शाखा | : | प्राविधिक अधिकृत बिपिन जिसी |
| स्वास्थ्य शाखा | : | जनस्वास्थ्य अधिकृत सुनिल अधिकारी |
| सूचना प्रविधि शाखा | : | सूचना प्रविधि अधिकृत सुदिप पौडेल |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | : | रोजगार संयोजक दुर्गा पछाई |
| सामाजिक सुरक्षा,पञ्जीकरण, | | |
| सहकारी शाखा | : | एम.आइ.एस अपरेटर खिम बहादुर थापा क्षेत्री |
| जिन्सी शाखा | : | कम्प्युटर अधिकृत कमल श्रीस |
| पशु शाखा | : | पशु स्वास्थ्य अधिकृत गीता नेपाली |
| आ.ले.प, राजश्व शाखा | : | आ.ले.प सहायक भरत गैरे |
| कृषि शाखा | : | कृषि अधिकृत जय बहादुर वि.क. |

प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
बस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| महिला तथा बालबालिका शाखा | : | स.म.वि.नि पुण्डरी अर्याल |
| वडा नं. १ सचिव | : | सहायक प्रशासकीय अधिकृत हरि कुमारी आचार्य |
| वडा नं. २ सचिव | : | हे.अ कृष्ण मण्डल खन्गाहा |
| वडा नं. ३ सचिव | : | वरिष्ठ प्रशासन सहायक गणेश आचार्य |
| वडा नं. ४ सचिव | : | सहायक चौथो देवा पोखरेल अधिकारी |
| वडा नं. ५ सचिव | : | सहायक प्रशासकीय अधिकृत सुमन रेश्मी |
| वडा नं. ६ सचिव | : | प्रशासन सहायक विष्णु बहादुर थापा |
| वडा नं. ७ सचिव | : | प्रशासन सहायक कमल प्रसाद ज्ञवाली |
| वडा नं. ८ सचिव | : | सहायक पशु विकास प्राविधिक टिका कुमारी ओली |

ङ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: सेवाको प्रकृति अनुसार

च) निर्णय गर्ने प्रकृति र अधिकार : नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, स्थानिय सरकार कार्यपालिका, गाउँ सभा, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरु।

छ) निर्णय उपर उजुरी सुन्ने अधिकारीः प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक, सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष

ज) कार्यालय प्रमुख तथा सूचना अधिकारी :

कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृत सुरेश भुसाल

सूचना अधिकारी : प्रशासकीय अधिकृत रुकलाल भट्टराई

झ) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको विवरण:

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- रिब्दीकोट गाउँपालिकाबाट निर्माण भएका ऐन, नियमहरु
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरु।

ञ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण : वार्षिक बजेट बमोजिमका कार्यक्रम अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरु खेलकूद र आयोजना तर्फ सडक, खानेपानी, सिचाई आदि संचालन भएको।

प्रशासकीय अधिकृत



Scanned with CamScanner

ट) निकायको वेवसाइटः www.ribdikotmun.gov.np

ठ) निकायको इमेलः info@ribdikotmun.gov.np, ito.ribdikot@gmail.com

ड) रिब्दीकोट गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : छैन

ढ) रिब्दीकोट गाउँपालिको संचालन गरेको कार्यक्रम र सो को प्रगति विवरण :

वार्षिक बजेट बमोजिम ६० प्रतिशत योजना तथा कार्यक्रमहरुको कार्यान्वियन भएको, पूँजिगत खर्च यस आर्थिक वर्षको तेस्रो त्रैमासिको अन्त्य सम्म ३८.४४ प्रतिशत खर्च भएको छ।

ण) रिब्दीकोट गाउँपालिकाको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समायवधिः छैन।

त) रिब्दीकोट गाउँपालिकामा परेको सूचना माग सम्बन्धी सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय : छ ४ वटा

थ) रिब्दीकोट गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण :

- नागरिक बडापत्र
- कार्यालयको सूचना पाटी
- एफ.एम.रेडियो र पत्र-पत्रिका
- कार्यालयको वेवसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

प्रशासकीय अधिकृत

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

आ.ब २०८२।०८३ तेस्रो त्रैमासिकको शाखागत रुपमा भए/गरेका कार्यको प्रतिवेदन।

## प्रशासन शाखा

१. रिब्दीकोट गाउँपालिकाको कर्मचारी स्वीकृत दरबन्दी विवरण तथा पद पूर्तिको अवस्था:

क) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ :

| सि.न. | पद | तह/श्रेणी | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत दरबन्दी | पदपूर्ती | | | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | जम्मा | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृ. | प्रशासन, सामान्य प्रशासन | १ | १ | ० | १ | ० |
| २ | प्रशासकीय अधिकृत | ७/८औं | प्रशासन, सामान्य प्रशासन | २ | १ | ० | १ | १ |
| ३ | शिक्षा अधिकृत | ७/८औं | शिक्षा, शि. प्र. र प. त. मु. | १ | ० | ० | ० | १ |
| ४ | लेखा अधिकृत | ७/८औं | प्रशासन, लेखा | १ | ० | ० | ० | १ |
| ५ | कृषि प्रसार अधिकृत | ७/८औं | कृषि, कृषि प्रसार | १ | ० | ० | ० | १ |
| ६ | पशु चिकित्सक | ७/८औं | कृषि, भेटेरिनरी | १ | ० | ० | ० | १ |
| ७ | इन्जिनीयर | ७/८औं | इन्जिनियरिङ, सिभिल | १ | ० | १ | १ | ० |
| ८ | ज.स्वा.नि./ज.स्वा.अधिकृत | ६/७औं | स्वास्थ्य, हे.ई. | १ | १ | ० | १ | ० |
| ९ | सी.अ.न.मि.नि. | ६औं | स्वास्थ्य, क.न. | १ | १ | ० | १ | ० |
| १० | ब.प्र.सहायक/स.प्र.अधिकृत | ५/६औं | प्रशासन, सामान्य प्रशासन | ७ | ३ | ० | ३ | ४ |
| ११ | बरिष्ठ लेखा सहायक | ५औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| १२ | आ.ले.प. सहायक | ५औं | प्रशासन, लेखा | १ | १ | ० | १ | ० |
| १३ | क. अपरेटर/स.क.अधिकृत | ५/६औं | प्रशासन, विविध | १ | १ | ० | १ | ० |
| १४ | प्रा.स./स.शि.अ. | ५/६औं | शिक्षा, शि.प्र. र प.त.मु. | १ | १ | ० | १ | ० |
| १५ | सब इ./प्रविधिक अधिकृत | ५/६औं | इन्जिनियरिङ, सिभिल | ४ | ३ | २ | ५ | -१ |
| १६ | कृषि प्राविधिक | ५औं | कृषि, कृषि प्रसार | २ | १ | १ | २ | ० |
| १७ | प.स्वा.प्रा./प.स्वा.अ. | ५/६औं | कृषि, भेटेरिनरी | १ | १ | ० | १ | ० |



प्रशासकीय अधिकृत

Scanned with CamScanner

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | प.वि.प्रा. | ५औं | कृषि, ला.पो.डे.डे. | १ | १ | ० | १ | ० |
| १९ | खा.पा.स.टे. | ४औं | इन्जिनियरिङ, सिभिल | १ | १ | ० | १ | ० |
| २० | प्रशासन सहायक | ४ औं | प्रशासन, सामान्य प्रशासन | ५ | २ | १ | ३ | २ |
| २१ | अ.स.इन्जिनियर | ४ औं | इन्जिनियरिङ, सिभिल | ६ | ४ | १ | ५ | १ |
| २२ | स.म.वि.नि. | ४ औं | प्रशासन, विविध | १ | १ | ० | १ | ० |
| २३ | सहायक कृषि प्राविधिक | ४ औं | कृषि, कृषि प्रसार | १ | १ | ० | १ | ० |
| २४ | स.प.स्वा.प्रा. | ४ औं | कृषि, भेटेरिनरी | १ | १ | ० | १ | ० |
| २५ | स.प. वि.प्रा. | ४ औं | कृषि, ला.पो.डे.डे. | १ | १ | ० | १ | ० |
| | जम्मा | | | ४५ | २८ | ६ | ३४ | ११ |

ख) स्वास्थ्य संस्थाहरु तर्फ:

| क्र.सं. | पदको नाम | तह | सेवा/समूह/उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी | पदपूर्ति भएको स्थायी कर्मचारी | करार पूर्ति | जम्मा पूर्ति | खुद रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ औं | स्वास्थ्य | १ | ० | १+१छात्रवृति करार | १ | ० |
| २ | हेल्थ असिष्टेन्ट | ५ औं | स्वास्थ्य, हे.ई. | ८ | ५ | ३ | ८ | ० |
| ३ | स्टाफ नर्स | ५ औं | स्वास्थ्य, ज.न. | १ | १ | ० | १ | ० |
| ४ | कविराज/क.नि/ब.क.नी. | ५/६/७ औं | स्वास्थ्य, आयुर्वेद | १ | १ | ० | १ | ० |
| ५ | अ.हे.व./सी.अ.हे.व. | ४/५ औं | स्वास्थ्य, हे.ई. | १७ | १३ | ४ | १७ | ० |
| ६ | अ.न.मि./सी.अ.न.मि. | ४/५ औं | स्वास्थ्य, क.न. | १७ | १२ | ५ | १७ | ० |
| ७ | ल्याव असिष्टेन्ट/ब.ल्या.अ. | ४/५ औं | स्वास्थ्य, ज.मे.ल्या.टे. | १ | १ | ० | १ | ० |
| ८ | वैद्य | ४ औं | स्वास्थ्य, आयुर्वेद | १ | १ | ० | १ | ० |
| | जम्मा | | | ४७ | ३४ | १३ | ४७ | ० |



प्रशासकीय अधिकृत

Scanned with CamScanner

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**ग) विभिन्न कार्यक्रम तर्फ:**

| क्र.सं. | पद | दरबन्दी | करार पूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | स्रोत विज्ञ (शिक्षा) | १ | १ | ० |
| २ | सूचना प्रविधि अधिकृत | १ | १ | ० |
| ३ | जनस्वास्थ्य अधिकृत | १ | १ | ० |
| ४ | रोजगार संयोजक | १ | १ | ० |
| ५ | पशु चिकित्सक | १ | १ | ० |
| ६ | कृषि स्नातक करार | १ | १ | ० |
| ७ | प्राविधिक सहायक | १ | १ | ० |
| ८ | रोजगार सहायक | १ | १ | ० |
| ९ | एम.आइ.एस. अपरेटर | १ | १ | ० |
| १० | फिल्ड सहायक | १ | १ | ० |
| ११ | उद्यम विकास सहजकर्ता | १ | १ | ० |
| १२ | मनोसामाजिक परामर्शकर्ता | १ | ० | १ |
| १३ | सामाजिक परिचालिका (गरिव सँग विशेश्वर) | १ | १ | ० |

## बित्तिय प्रगती

**बिनियोजित बजेट:**

- चालु : ३८,७९,४८,२३२.०० (अक्षरुपी अढतिस करोड, उनासी लाख, अढचालिस हजार, दुई सय बत्तिस मात्र)
- पूँजीगत : १५,७९,४५,०००.०० (अक्षरुपी पन्ध्र करोड, उनासी लाख, पैंतालिस हजार मात्र)
- **जम्मा :** ५४,५८,९३,२३२.०० (अक्षरुपी चौवन्न करोड, अन्ठाउन्न लाख, त्रियानब्बे हजार दुई सय बत्तिस मात्र)

**खर्च :**

चालु : २३,५४,५३,७१५.५३ (अक्षरुपी मात्र)

**खर्च प्रतिशत ६०.९९**

पूँजीगत : ६,१४,४५,७८५.००(अक्षरुपी मात्र)

**खर्च प्रतिशत ३८.४४**

प्रशासकीय अधिकृत



Scanned with CamScanner

जम्मा : २१,६८,९९,५०१.४७ (अक्षरुपी मात्र)

**खर्च प्रतिशत ५४.३८**

**राजश्व संकलन**

✓ राजश्व रकम रु ६४,५३,५३४.९९ ( ६४ लाख ५३ हजार ५३४ रुपैयाँ) संकलन भएको छ भने यस वर्षको राजश्व लक्ष रु ९३ लाख रहेको छ।

✓ नियम विपरीत ढुङ्गा गिट्टी बालुवा लगायत अन्य सामाग्रीहरू निकासी तथा ओसारपसार गरेवापत जरिबाना कडाईपुर्वक अनुगमन गरी जरिवाना असुल गराइएको छ।

✓ गाउँपालिका कार्यालय र वडा कार्यालय अनुसार राजश्व संकलन विवरण :

| क्र.सं. | राजस्व संकलन गर्ने कार्यालय | जम्मा संकलन |
|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालय | २५,७०,५६६.४६ |
| २ | १ नं. वडा कार्यालय, पाल्पा | ३,०३,७६४.१५ |
| ३ | २ नं. वडा कार्यालय, पाल्पा | ३,७६,९४३.३० |
| ४ | ३ नं. वडा कार्यालय, पाल्पा | ३,६५,८७२.५४ |
| ५ | ४ नं. वडा कार्यालय, पाल्पा | १५,४०,२९३.९६ |
| ६ | ५ नं. वडा कार्यालय, पाल्पा | २,६०,४३४.४९ |
| ७ | ६ नं. वडा कार्यालय, पाल्पा | ४,१२,८०९.३६ |
| ८ | ७ नं. वडा कार्यालय, पाल्पा | ३,५०,६९९.०० |
| ९ | ८ नं. वडा कार्यालय, पाल्पा | २,६९,१५०.९५ |
| | जम्मा | ६४,५३,५३४.९९ |

**भौतिक पूर्वाधार तर्फ :**

➢ हार्थोक छहरा मोटर बाटो अन्तर्गत खौडेली देखि गाउँपालिका सम्मको Asphalt पिचको काम गाउँपालिकाको बजेटबाट सम्पन्न भएको छ।

➢ कन्टीपोखरा देउराली वरपोखरा शान्तीचौर जोगिथुम सातमुरे मोटरबाटो रु.६० लाख बिनियोजन भएकोमा कार्य सम्पन्न भएको ।

➢ भैरवस्थान भारकोट मजुवा पोरक्नी हुदैं वडा कार्यालय सम्म मोटरबाटो रु१. करोड बियियोजन भएकोमा टेन्डर भई काम करिब ८५% काम सम्पन्न भएको छ।

➢ जलेश्वर पर्यटन प्रवर्धन को लागि रु२ करोड . ३० लाख संघीय समपुरक अन्तरगत बजेट बिनियोजन भएकोमा टेन्डर सम्झौता भई ५० % कार्य सम्पन्न भएको छ।

➢ कुसुमखोला वडा भवन निर्माण को काम सम्पन्न भएको छ।



**प्रशासकीय अधिकृत**

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

- गत बर्षको अधुरो योजना बतासे फेक मोटरबाटो स्तरउन्नती रु. ६५ लाख बिनियोजन भएकोमा टेन्डर प्रक्रिया बाट निर्माण को लागि काम सम्पन्न भएको छ।
- ख्याहा स्वास्थ्य चौकी निर्माणको लागि संघीय समपुरक अन्तरगत रु २ करोड बजेट बिनियोजन भएकोमा मा टेन्डर सम्झौता भई काम सुचारु अवस्थामा छ।
- खानीगाउँ बिकास केन्द्र जाने मोटर बाटो १५ लाख बिनियोजन भएकोमा मा टेन्डर भई काम करिब २०% काम सम्पन्न भएको छ।
- RAP प्रोजेक्ट अन्तर्गत थाई टनेल निर्माण र तरकारी कलेक्सन सेन्टर निर्माणको काम टेन्डर आहवान गरि सम्झौता भई काम संचालन भईरहेको छ।
- पालुङ्ग मैनादी स्वास्थ्य चौकी, खस्यौली प्राथमिक स्वास्थ्य चौकी मर्मत तथा स्तरउन्नति को काम टेन्डर भइ संचालन भईरहेको छ।

**गाउँपालिका तथा वडास्तरीय योजना**

**ठेक्का मार्फत :**

कुल योजना : १५

सम्झौता भएको : १४

सम्झौताको चरणमा : ०१

## उपभोक्ता समिति मार्फत :

| वडा नं | कुल योजना | सम्झौता भएको | सम्पन्न भएको | निर्माणको चरणमा |
|---|---|---|---|---|
| १ | १९ | १० | ४ | ०६ |
| २ | १८ | ९ | ८ | १ |
| ३ | २४ | १५ | १० | ५ |
| ४ | २८ | २२ | १८ | ६ |
| ५ | १२ | १४ | ४ | १० |
| ६ | २९ | २२ | १५ | ५ |
| ७ | ५२ | ३३ | २४ | ९ |
| ८ | ३८ | २५ | ११ | १४ |
| जम्मा | २२० | १५० | ९४ | ५७ |

**बस्ति विकास तथा भवन निर्माण तर्फ**

- घर अभिलेखीकरण संख्या ४
- नक्सा पास संख्या ० वटा

प्रशासकीय अधिकृत



Scanned with CamScanner

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**कृषि तर्फः**

१. एक बोट सयको नोट कार्यक्रम अन्तर्गत सूचना प्रकाशन गरि करिब २५ वटा फलफुल तथा जडिबुटीको करिब ३८,०८७ वटा बिरुवाको माग भई संचालन प्रक्रियामा रहेको छ

२. उपाध्यक्षसंग करेसाबारी कार्यक्रम अन्तर्गत रिब्दीकोट गाउँपालिका भित्रका ६-१२ कक्षासम्म अध्यापन गाराउने १९ वटा बिद्यालयका करिब १४०० बिधार्थीहरुलाई ५ किसिमको विउ (धनिया मुला केराउ प्याज सिमि) कार्यक्रममा समाबेश गराई मिनिकिट वितरण गरिएको छ।

३. पालिकाको ६ वटा वडाहरु मार्फत ६५ मे टन आलुको विउमा अनुदान उपलब्ध गराईएको छ।

४. गाउँपालिकाभित्र १०० जना कृषक, कृषक समुह, सहकारीहरुलाई ११० वटा मिनिटिलर, कम्बाईन मिल, थ्रेसर लगायतका यन्त्र उपकरणहरु वितरण गरियो।

५. स्थायी टनेल निर्माण कार्यक्रम अन्तर्गत ७० वटा स्थायी टनेल निर्माण कार्य कार्य सम्पन्नको चरणमा रहेको छ ।

६. वडा नं .४ भैरबस्थानमा मौरी पकेट कार्यक्रम संचालनको क्रममा छ।

७. जैविक मल वितरण कार्यक्रम अन्तर्गत वडा नं ५ मा ५.६ मे टन वितरण भई सकेको र वडा नं ६ र ८ मा माग संकलन भई सम्झौता भई सकेको छ।

८. रिब्दीकोट कृषि परियोजना अन्तर्गत यस आर्थिक वर्षमा सम्पन्न भएका कार्यक्रमहरु

- पालिका भित्र ८ वटा कृषक समुह संजाल गठन गरिएको छ।
- पालिकाभित्रका ५ वटा अगुवा कृषक समूहहरुलाइ जैविक बिषादी तयारी तालिम संचालन गरी सम्पन्न गरिएको छ।
- पालिकाभित्रका ५ वटा कृषक समूहहरुलाइ पोष्ट हार्भेष्ट तालिम संचालन गरि सम्पन्न गरिएको छ।
- खुर्सानी बिउ वितरण सहयोग कार्यक्रम अन्तर्गत पालिका भित्रका कृषकहरुलाई प्रति रोपनी १० ग्रामको दरले ७५ हेक्टरमा अकबरे खुर्सानी उत्पादन गर्ने गरी विउ वितरण गरिएको छ।
- पालिकाभित्रका कृषक र ब्यापारीहरुलाई सामुहिक बजारीकरण तालिम ५ वटा स्थानमा संचालन गरि सम्पन्न गरिएको छ।
- ब्यापारी संग ब्यापारी अन्तरक्रिया तथा छलफल कार्यक्रम ४ वटा स्थानमा संचालन गरि सम्पन्न गरिएको छ।
- पालिका भित्रका एक बोट सयको नोट कार्यक्रममा आबद्ध कृषकहरुलाई माटो उपचार सहयोगका लागि कृषि चुन वितरण गर्ने उदेश्यले माग संकलन गरि कार्यक्रम संचालनको क्रममा रहेको छ।
- पालिकाभित्रका ५ वटा सहकारीहरुलाई ब्यापार तथा बजारीकरणको लागि आबश्यक सामग्री वितरण गरिएको छ।



प्रशासकीय अधिकृत

➢ ग्रिन नेट सहयोग कार्यक्रम मल्चिङ सहयोग कार्यक्रम अस्थायी टनेल निर्माण कार्यक्रमको माग संकलन र सम्झौता भई कार्यान्वयन चरणमा रहेको छ ।

९. डिजिटल रेकर्ड किपिंग प्रणाली मार्फत अकबरे खुर्सानीको तथ्याङ्क संकलनको लागि सर्वेक्षण गरिएको छ ।

१०.रिब्दीकोट गाउँपालिका र गाउँपालिकाको अन्तर्गतका वडाहरुबाट निरन्तर रुपमा प्राबिधिक सहयोग तथा फिल्ड अबलोकन भइ रहेको छ।

११. तरकारी बाली पकेट विकास कार्यक्रम अन्तर्गत वडा नं ६ र ८ गरि २८० रोपनी बराबरको पकेट निर्माण कार्यक्रम संचालनमा रहेको छ।

१२. संघिय सशर्त कार्यक्रम अन्तर्गत बाँझो जग्गा सदुपयोगको लागि कृषि विकास कार्यक्रम राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम र रैथाने बाली प्रवर्द्धन कार्यक्रममा क्रमश ४६, ५४ र ३० जना लाभग्राहीहरु छनौट भई समझौताको प्रकृयामा रहेको ।

१३.संघिय विशेष अनुदान कार्यक्रम अन्तर्गत अकबरे खुर्सानी प्रवर्द्धन कार्यक्रम ४४५ जना लाभग्राहीहरु छनौट भइ सम्झौता भई कार्यक्रम सम्पन्नको चरणमा रहेको छ र उपकरण तथा प्रविधि वितरण कार्यक्रम, अदुवा बेसार प्रवर्द्धन कार्यक्रम र सुन्तला कागती प्रवर्द्धन कार्यक्रम लाभग्राही छनौट प्रकृयामा रहेको ।

१४. मलखातो पुर्वाधार निर्माण कार्यक्रमको दुई पटक सुचना प्रकाशन भई १० वटा आवेदन परेको छ।

१५. कृषक पाठशाला कार्यक्रम विभिन्न बालीहरु संग सम्बन्धित एकीकृत शत्रुजीव तथा खाद्यतत्व व्यवस्थापन कार्यक्रम संचालनको क्रममा रहेको छ ।

१६.जैविक मल कारखाना प्रवर्द्धन कार्यक्रम अन्तर्गत जलेश्वर बहुउद्देश्यीय सहकारी संस्था लि संग सम्झौता भई कार्य सम्पन्नको चरणमा रहेको छ ।

१७.बैठक समिक्षा तालिम अभिमुखीकरण समुह गठन तथा परामर्श नियमित रुपमा संचालनमा रहेको छ ।

१८.वडा नं ३, ४, ५ र ७ मा सुन्तला बगैँचा व्यवस्थापन सम्वन्धी तालिम सम्पन्न भएको छ ।

१९.वडा नं ७ मा ६७ वटा मौरी सहित घार र २० वटा खाली घार वितरण भएको छ ।

**पशु सेवा शाखातर्फ:**

➢ सामुदायिक तथा घरपालुवा १०० वटा कुकुरहरुमा रेविज विरुद्धको खोप कार्यक्रम सम्पन्न भएको छ ।

➢ लम्फी स्कीन रोग विरुद्धको १५०० वटा गाईगोरु र भैसीहरुमा खोप कार्यक्रम सम्पन्न भएको छ ।

➢ खोरेत रोग विरुद्धको १६००० गाइगोरु र भैसी बंगुर बाख्राहरुमा खोप कार्यक्रम सम्पन्न भएको छ ।

➢ ७५% अनुदानमा २६४ के. जि. जै घाँस र ३२ के. जि. वर्सिम घाँसको वीउ वितरण भएको छ ।

➢ ५०% अनुदानमा वडा नं ३ खस्यौलीमा ४३ जना कृषकहरुमा ५७ वटा वंगुरका पाठापाठी वितरण भएको छ ।

➢ गाईभैसी प्रवर्द्धन कार्यक्रम अन्तर्गत लैना व्याउने गाईभैसी खरिदका लागि ९६ जना गाईभैसी पालक कृषकसंग द्धिपक्षीय सम्झौता सम्पन्न भएको छ ।

प्रशासकीय अधिकृत



Scanned with CamScanner

➢ वंगुर प्रवर्द्धन कार्यक्रम अनुसार माउ वंगुर पाल्ने ५० जना कृषकहरुसंग उन्नत जातको वंगुरका पाठि खरिदका लागि द्विपक्षीय सम्झौता सम्पन्न भएको छ।

➢ बाख्रा प्रवर्द्धन कार्यक्रम अनुसार आधुनिक बाख्राको खोर निर्माण कार्यक्रमका लागि ६ वटा बाख्रा फर्महरुसंग द्विपक्षीय सम्झौता सम्पन्न भएको छ।

➢ उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम अनुसार २५४ जना दुध बेच्ने कृषकको बैक खातामा रु रु ३,४७,२८६। भुक्तानी भएको छ।

## शिक्षा तथा खेलकूद तर्फ:

➢ वाल विकास केन्द्रको पाठ्यक्रम प्रवोधिकरण।

➢ शिक्षा दिवस, शिक्षक, विद्यार्थी र विद्यालय सम्मान।

➢ प्रतिभा पहिचान।

➢ स्थानीय पाठ्यपुस्तक छपाई।

➢ निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी कस्टमाइज तालिम कक्षा १-३।

➢ राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता।

➢ आधारभूत तह कक्षा-८ उत्तीर्ण परीक्षा सञ्चालन र व्यवस्थापन।

➢ ICT क्षमता विकास तालिम।

➢ प्र.अ. नमूना विद्यालय अवलोकन।

➢ विद्यालयलाई नियमित अनुदान रकम निकाशा।

➢ विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्य।

## स्वास्थ्य तर्फ:

✓ चालु आवको चैत्र मसान्त सम्म अध्यक्ष सँग स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत विपन्न, दलित र ग वर्गका अपाङ्ग भएका ७७१ घर परिवारहरुको निशुल्क स्वास्थ्य विमा कार्यक्रम सम्पन्न भएको।

✓ संविधान दिवसको अवसरमा असोज २ गते गाउँपालिकामा र कार्तिक २५ गते रिब्दीकोट ७ बतासे आयुर्वेद औषधालयमा रक्तदान कार्यक्रम आयोजना गरिएको जसमा ३८ जनाले रक्तदान गरि पाल्पा ब्लड बैंकलाई हस्तान्तरण गरिएको।

✓ वडा वडामा अपाङ्गता परिचयपत्र नविकरण गरिएको र यस आ.व.मा १८ वटा थप परिचयपत्र वितरण गरिएको।

✓ विपन्न नागरिक उपचार निर्देशिका २०८० अनुसार २१ जनालाई र प्रदेश स्वास्थ्य उपचार निर्देशिका २०७९ अनुसार ७ जनालाई औषधि उपचार खर्च सिफारिस, ३ जना क्यान्सर रोगीलाई स्वास्थ्य बिमा मार्फत थप रु १



प्रशासकीय अधिकृत

लाखका दरले औषधि उपचार सिफारिस गरिएको साथै ६२ जना दिर्घ रोगिहरुको लागि औषधि उपचार बापत पाउने मासिक ५ हजार रुपैयाँ दोस्रो किस्ता सम्म भुक्तानी गरिएको ।

- ✓ ४ वटा स्वास्थ्य संथाहरुमा E-HMIS थप लागु गरिएको ।
- ✓ खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिएको ।
- ✓ निशुल्क रगतको लागि रक्तसंचार सेवा केन्द्र वुटवल सँग भएको सम्झौता अनुसार यस आ.व.मा ११० जनाले सेवा प्राप्त गरेको ।
- ✓ दिर्घ रोगीहरुको लागी घर-घरमा निशुल्क अक्सिजन ग्यास वितरण गरिएको ।
- ✓ पूर्ण खोप तथा पूर्ण संस्थागत प्रसुति सुनिश्चितताको लागी तयारी अन्तिम चरणमा रहेको ।
- ✓ छोरी प्रोत्साहन कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्रका Birthing Center मा जन्मिएका ४ जना छोरीहरुलाई रु ५०००/- का दरले प्रोत्साहन रकम प्रदान गरिएको ।

## आयुर्वेद तर्फ

- ➢ विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ६ वटा मा. वि. मा २ दिने अभिमुखकिरण कार्यक्रम सम्पन्न भएको ।
- ➢ नागरिक आरोग्य कार्यक्रम २ नं. वडा कार्यालय, देउराली र ४ नं. वडा कार्यालय, भैरबस्थानमा सम्पन्न भएको छ ।
- ➢ नियमित सेवा तर्फ

  १. सामान्य विरामी परिक्षण जम्मा १८९८

  २. पुर्वकर्म÷पञ्चकर्म (स्नेहन, स्वेदन, वाह्यवस्ति, शिरोधारा आदी) जम्मा २१२

  ३. जेष्ठ नागरिकलाई रसायन औषधी वितरण जम्मा २९६

  ४. स्तनपायी आमालाई स्तन्यवर्धक तथा पोषण औषधी बितरण जम्मा ४६

  ५. नागरिक आरोग्य क्लिनिक प्रत्येक महिनाको १० र २५ गते खस्यौली, पुरानो प्राथमिक स्वास्थ्य केन्द्र भवनमा सञ्चालनमा रहेकोमा कुल जम्मा सेवाग्राही २९५५ ।

## प्रशासन तर्फ:

- ➢ गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा समेत गरी कार्यालय सहयोगी बाहेक जम्मा स्वीकृत दरबन्दी ४५ मध्ये ३० जना स्थायी, ६ जना करार गरी जम्मा ३६ जना कर्मचारी कार्यरत रहेका र ९ दरबन्दी रिक्त रहेको छ । ज्यालादारीमा जम्मा ११ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।
- ➢ संघीय तथा अन्य कार्यक्रम अन्तर्गत विभिन्न तहका १२ जना कर्मचारीहरु सेवा करारमा कार्यरत छन् ।
- ➢ गाउँपालिका अन्तर्गतका जम्मा ९ वटा स्वास्थ्य संस्थाहरुमा कार्यालय सहयोगी बाहेक स्वीकृत दरबन्दी ४७ मध्ये ३५ जना स्थायी, १० जना करार गरी जम्मा ४५ जना कर्मचारीहरु कार्यरत रहेका र २ वटा दरबन्दी रिक्त रहेको छ ।



प्रशासकीय अधि

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

- आमा सुरक्षा कार्यक्रम र सामुदायिक स्वास्थ्य इकाइमा गरी जम्मा १२ जना कर्मचारीहरु सेवा करारमा कार्यरत रहेका छन्।
- गाउँपालिका अन्तर्गत विभिन्न सेवा समुहका रिक्त रहेका स्वीकृत दरबन्दी पदपुर्ती गर्न प्रदेश लोक सेवा आयोग बुटवलमा माग आकृति फारम भरि पठाइएको छ। साथै प्रदेश लोक सेवा आयोगबाट स्थायी नियुक्तीका लागि सिफारिस भई आएका विभिन्न सेवा समुह तह र पदका कर्मचारीहरुलाई स्थायी नियुक्ती पत्र दिई पदस्थापन गरिएको छ।
- विपद व्यवस्थापन अन्तर्गत बाढी, पहिरो तथा आगोलागीको कारण घर/गोठमा क्षति भएका विपद पिडित ७ घर परिवारलाई जम्मा राहत रकम रु ५९,०००/- वितरण गरिएको छ।
- न्यायिक कार्य सम्पादन तर्फ न्यायिक समितिमा गत आ.व. बाट जिम्मेवारी सरी आएका मुद्दा २ र यस आ.व.मा नयाँ दर्ता भएका मुद्दा ३ गरी जम्मा ५ वटा मुद्दा रहेकोमा २ वटा मुद्दाको फछौंट भएको र ३ वटा मुद्दा प्रकियामा रहेका छन् ।
- प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ।
- गाउँपालिका केन्द्र देखि टाढा रहेका बस्तीहरु वडा नं ६ ठिमुरेको ढुस्टुङ्ग र वडा नं ८ को काउलेमा एकिकृत घुम्ति सेवा कार्यक्रम सम्पन्न भएको छ।

## लघु उद्य विकास कार्यक्रम तर्फ :

- वडा नं ३ को खस्यौलीमा २५ जनाको सहभागितामा ८ दिने उद्यमशिलता विकास तालिम र २० जनाको सहभागितामा १० दिने जुत्ता चप्पल बनाउने सीप विकास तालिम सम्पन्न भएको छ।

## महिला विकास तर्फ :

- पलिका भित्रका ८ वटै वडाका महिला समन्वय समितिका महिलाहरुलाई संलग्न गराई पालिका स्तरीय तिज कार्यक्रम संचालन गरिएको ।
- लैङ्गिक हिंसा विरूद्द १६ दिने कार्यक्रम अन्तर्गत सचेतना कार्यक्रम संचालन गरीएको।
- नारी दिवशका अवसरमा मा.वि तहका विधालयका छात्राहरुको प्रतिभा पहिचानगर्नका लागि बक्तृत्वकला कार्यक्रम सम्पन्न गरिएको।
- मगर दिवश कार्यक्रम सम्पन्न गरिएको।
- एकल महिला कार्यक्रम संचालन भई सम्पन्न उन्मुख रहेको।
- दलित तथा विपन्न वर्ग लक्षत कार्यक्रम संचालन भईरहेको।

## पञ्जीकरण तथा सामाजिक सुरक्षा तर्फ :

- सामाजिक सुरक्षा भत्ता तर्फ पहिलो र दोश्रो त्रैमासिकको रकम समयमै बैंक खातामा जम्मा गरिएको र तेश्रो त्रैमासिकको भत्ता वितरणको यहि चैत्र ३० गते भित्र लाभाग्राहिको खातामा जम्मा गर्ने गरी सम्पूर्ण तयारी पुरा भएको छ।

प्रशासकीय अधिकृत

Scanned with CamScanner

- लाभग्राहिहरु जेष्ठ नागरिक १६१२, जेष्ठ नागरिक दलित २४८, जेष्ठ नागरिक एकल महिला २८५, विधवा ४२४, क वर्ग अपाङ्ग ६३, ख वर्ग अपाङ्ग ११८, दलित बालवालिका ३३१ जना गरी कुल लाभग्राहि ३०८१ रहेका छन्।
- घटना दर्ता तर्फ यो आर्थिक वर्षमा जन्म २५५ वटा, मृत्यु १७५ वटा, सम्वन्ध विच्छेद ३७ वटा, विवाह १७० वटा, बसाई सरी आएको दर्ता १४ वटा (सदस्य संख्या ३२ जना) र बसाई सरी जाने दर्ता ४९ वटा (सदस्य संख्या १६२ जना) दर्ता भएका छन्।

**सहकारी तर्फ :**

- गाउँपालिका भित्र जम्मा २१ वटा क्रियाशिल सहकारी संस्थाहरु रहेका छन।
- रिब्दीकोट गाउँपालिका मातहतमा रहेका सहकारीहरुको लेखा परिक्षण प्रतिवेदन र साधारण सभा सम्पन्न गराउन ताकेता गरि केही सहकारीहरुलाई COPOMIS मा विवरण अध्यावधिक गरिएको।

**राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तर्फ**

- ४८ जना वैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिहरुको पुन: श्रम स्वीकृतिको लागि सहजिकरण गरिएको।
- वडाबाट १०० दिने रोजगारीको लागि छनौट भएका ३८ जना लाभग्राहीहरु, जनप्रतिनिधि र कर्मचारीहरु गरी जम्मा ६६ जनाको सहभागीतामा १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको।
- १२ वटा योजनाहरुको लागत अनुमान तयार भई संझौता कार्य सम्पन्न भएको र ४ नं वडाको योजना सम्पन्न भएको भुक्तानी हुन बाँकी रहेको।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई ५ दिने उद्यमशिलता विकास तालिम संचालनको लागि सूचना प्रकाशन गरी २० जनाको निवेदन संकलन गरिएको।
- ४८ जना वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको मृत्यू, अंगभंग तथा बिरामी परेका व्यक्तिहरुको लागि आर्थिक सहायकताको लागि सहजिकरण तथा परामर्श दिने काम भएको।
- वैदेशिक रोजगार सन्तति छात्रवृत्तिको आवेदन सूचना प्रकाशन गरी २ वटा आवेदन संकलन, १ जना अंगभंग भएको बिरामी र १ जनालाई स्वास्थ्य उपचारको लागि आवश्यक कागजात FEWIMS मा प्रविष्ट गरेको।
- श्रम संचार नामक प्रोटलमा स्थानीय स्तरमा भएका ५ वटा विज्ञापनहरु अपलोड गर्ने कार्य सम्पन्न गरेको।
- मन्त्रालय तथा विभागबाट माग भई आएका विवरण तथा प्रतिवेदनहरु समयमै पठाउने गरिएको र इकाई तथा शाखासंग सम्बन्धित मन्त्रालय, विभाग तथा स्थानीय तहबाट भएका निर्णयहरु कार्यान्वयनका लागि वडाहरुमा नियमित रुपमा परिपत्र गरिएको।

**सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम तर्फ**

- कार्यक्रम कार्यान्वयन समितिको २ वटा बैठक सम्पन्न भएको।

प्रशासकीय अधिकृत



Scanned with CamScanner